# प्रस्ताव तथा निर्णयहरु :

## निर्णय नं. १

प्रस्ताव नं.०१ मा छलफल गर्दा वडा नं.०६का वडा अध्यक्ष श्री रामसोहन थारु ज्यू को यहि मिति २०७५ साल मंसिर ०९ गतेका दिन भएको असमायिक निधन प्रति यस कोहलपुर नगरपालिकाको चौथों नगरसभाबाट हार्दिक श्रद्धान्जली ब्यक्त गर्दै सोकसन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

प्रस्ताव नं.०२ मा छलफल गर्दा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद-५ को धारा २०(१) अनुसार चौथों नगर सभामा विधेयक समितिका संयोजक श्री भिम बहादुर नेपाली ज्यूले पेश गर्नु भएका **कोहलपुर नगरपालिकाको नगर स्वास्थ्य ऐन-२०७५ र नगर सभाका समिति गठन नियमावलि,२०७५** लाई नगर सभाका सदस्यहरुबाट प्राप्त संशोधनहरु समेतलाई समेटी परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

प्रस्ताव नं.०३ मा छलफल गर्दा यस कोहलपुर नगरपालिका,नगर कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष :-२०७४/०७५ को महालेखा परिक्षकको कार्यालयबाट खटिई आएका डोरले दिएको अन्तिम लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदनमा औल्याईएका बेरुजु तथा नियमित गर्नुपर्ने विषयमा उपर छलफल गरी तोकिएको समयावधि भित्रमा नियमित तथा असुलउपरको लागि आवश्यक प्रक्रिया अगाडी बढाउनका लागि आवश्यक निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं.०४ मा छलफल गर्दा कोहलपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा सभाका सचिव श्री प्रेम प्रसाद देवकोटा ज्यूले पेश गर्नु भएको कोहलपुर नगरपालिका,नगर कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रगति प्रतिवेदन तथा चालु आर्थिक वर्ष २०७५/०७६ को प्रथम चौमासिक प्रगति प्रतिवेदन माथि आवश्यक छलफल गर्दा प्राप्त सुझावहरु समेतलाई समेटि आगामी आर्थिक वर्षमा कार्यसम्पादन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं.०५ मा छलफल गर्दा कोहलपुर नगरपालिकाको तेस्रो नगर सभाबाट पारित भएका तर विविध कारणले गर्दा कार्यान्वयन हुन नसकेका तथा बजेट नपुग भएका तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरु र बजेट संसोधन गर्ने निर्णय गरियो ।

तपशिल :

| क.स. | स्वीकृत योजनाको नाम | संसोधित योजनाको नाम | कार्यान्वयन हुने स्थान | स्वीकृत बजेट | बढाउने | घटाउने | हाँल कायम हुने बजेट |
|---|---|---|---|---|---|---|---|
| १ | मैटहवादेखि उत्तर शान्तिनगर विकास नगर हुदै किरननालासम्म जोड्ने वाटो कालोपत्रे गर्ने क्रमागत | - | कोहलपरु ३ मैटहवा | २,५००,०००।०० | १०,००,०००।०० | ० | ३५,००,०००।०० |
| २ | मैटहवा पीच बाटो देखि लालुको चिया पसलसम्म पक्की नाली निर्माण | - | कोहलपुर-०३,मैटहवा | १४,००,०००।०० | ० | १४,००,०००।०० | ० |
| ३ | - | तालतलैया तथा सार्वजनिक स्थलको संरक्षण तथा सर्म्बद्धन | कोहलपुर-०३,मैटहवा | ० | ४००,०००।०० | ० | ४००,०००।०० |
| ४ | बाटो मर्मत कोष | - | कोहलपुर-०३ | ६४९,०५३।०० | ० | २००,०००।०० | ४४९,०५३।०० |
| ५ | - | विकासनगर स्थित नाजरियन चर्चको मर्मत संभा | कोहलपुर-०३ | ० | २००,०००।०० | ० | २००,०००।०० |
| ६ | प्रहरी विट देखि शान्ति चोक निवुवा सम्म कालो दुवै तर्फ माटो पटान | प्रहरी विट देखि शान्ति चोक निवुवा सम्म कालो पत्रेको दुवै तर्फ माटो पटान तथा ग्रावेल | कोहलपुर-१२ | १५०,०००।०० | ० | ० | १५०,०००।०० |

| क.स. | स्वीकृत योजनाको नाम | संसोधित योजनाको नाम | कार्यान्वयन हुने स्थान | स्वीकृत बजेट | बढाउने | घटाउने | हाँल कायम हुने बजेट |
|---|---|---|---|---|---|---|---|
| ७ | तटबन्धन | गौरबको यौजनामा दफा नं. १६ मा वडा नं १३ को रानीघाट खोला | वडा नं.८ फुरकट्टी ,वडा नं.१०,०३ ,७ नं.को जमुनी चोक,प्रसादीपुर र १२ नं. मसुरी खेत बाँसको बुटा, १५ न को पेडारी र १३ नं. वडाको रानीघाट खोला | ६५,००,०००।०० | ० | ० | ६५,००,०००।०० |
| ८ | डिल्लीराज भण्डारीकोघरदेखि दक्षिण उमेश श्रेष्ठको घरसम्म ग्राभेल | - | कोहलपुर-०५ | १००,०००।०० | ० | १००,०००।०० | ० |
| ९ | बिजय बुढाको घर देखि दक्षिण कृष्ण गौतमको घरतर्फ जाने बाटो ग्राभेल | - | कोहलपुर-०५ | २००,०००।०० | १००,०००।०० | ० | ३००,०००।०० |
| १० | महिला शसक्तिकरण तथा क्षमता विकास कार्यक्रम | - | कोहलपुर १ देखि १५ | ७००,०००।०० | ० | ७०००।०० | ६९३,०००।०० |
| ११ | - | गौरिडाडाँ महिला विकास समिति स्थापना तथा समूह गठन | कोहलपुर वडा नं.२ गौरीडाँडा | ० | ७०००।०० | ० | ७०००।०० |
| १२ | समुह सदस्य अनुशिक्षण कार्यक्रम | - | कोहलपुर १ देखि १५ | ५०,०००।०० | २०,०००।०० | ० | ७०,०००।०० |
| १३ | प्रजनन स्वास्थ्य सचेतना तालिम | - | कोहलपुर १ देखि १५ | १५०,०००।०० | ० | ३०,०००।०० | १२०,०००।०० |

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके

रुद्र बहादुर रावत
नगर प्रमुख

| क.स. | स्वीकृत योजनाको नाम | संसोधित योजनाको नाम | कार्यान्वयन हुने स्थान | स्वीकृत बजेट | बढाउने | घटाउने | हाँल कायम हुने बजेट |
|---|---|---|---|---|---|---|---|
| १४ | महिला तथा बाल बालिका अधिकार कानुनी अभिमुखीकरण | - | कोहलपुर १ देखि १५ | १५०,०००।०० | १०,०००।०० | ० | १६०,०००।०० |
| १५ | मेयर कप रनिङशिल्ड प्रतियोगित | - | कोहलपुर १ देखि १५ | ५००,०००।०० | १००,०००।०० | ० | ६००,०००।०० |
| १६ | अतिरित्त क्रियाकलाप | - | कोहलपुर १ देखि १५ | २००,०००।०० | ० | १००,०००।०० | १००,०००।०० |
| १७ | फर्निचरतथा फिक्चर्स | - | कोहलपुर नगरपालिका | २,०८५,०००।० | १५,००,०००।०० | ० | ३५,८५,०००।०० |
| १८ | मेशिनरीतथा औजार | - | कोहलपुर नगरपालिका | ५,५१५,०००।० | १०,००,०००।०० | ० | ६५,१५,०००।०० |
| १९ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | - | कोहलपुर नगरपालिका | ३०,००,०००।०० | ० | २०,००,०००।०० | १०,००,०००।०० |
| २० | पदाधिकारी अन्य सुविधा | - | कोहलपुर नगरपालिका | २०,००,०००।०० | ० | ५००,०००।०० | १५,००,०००।०० |
| २१ | नगरपालिकाको भवन निर्माण | - | कोहलपुर नगरपालिका | ६०,००,०००।०० | २५,००,०००।०० | ० | ८५,००,०००।०० |
| २२ | लागत साझेदारी कार्यक्रम | - | कोहलपुर नगरपालिका | ६५,३२,३९०।०० | ० | १९,००,०००।०० | ४६,३२,३९०।०० |
| २३ | विविध कार्यक्रम खर्च | - | कोहलपुर नगरपालिका | २५,००,०००।०० | ० | १५,००,०००।०० | १०,००,०००।०० |
| २४ | - | कोहलपुर क्रिकेट मैदान निर्माण तथा खेलकुद प्रतियोगिता तयारी | कोहलपुर-११ | ० | ९००,०००।०० | ० | ९००,०००।०० |

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बाँके कोहलपुर, ५ नं. प्रदेश, नेपाल

...ट बहादुर रावत
नगर प्रमुख

निर्णय नं. ०६

प्रस्ताव नं. ०६ मा छलफलगर्दा यस नगरपालिकाको प्रथम नगरसभाबाट पारित गरिएको कोहलपुर नगर क्षेत्रभित्र संचालन गरिने औद्योगिक,पर्यटन तथा अन्य मेलाहरु संचालन गर्दा उद्योग वाणिज्य संघ कोहलपुरको सिफारिसमा अनुमति दिने निर्णयलाई संसोधन गरी आगामी दिनमा सोको अधिकार कोहलपुर नगरपालिकामा कायम राख्ने निर्णय गरियो ।

निर्णय नं. ०७

प्रस्ताव नं.०७ मा छलफलगर्दा यस कोहलपुर नगरपालिकाको वडा नं.१५को अधिकांश वस्तीमा थारु समुदायको बढीमात्रामा बसोवास भएको तथा थारु बहुल क्षेत्र भएकाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद (२) को धारा ९(१) थारु सांस्कृतिक वडा घोषण गर्ने निर्णय गरियो ।

निर्णय नं. ०८

प्रस्ताव नं. ०८ मा छलफलगर्दा कोहलपुर नगरपालिका,उद्योग वाणिंज्य संघ कोहलपुर,बैंक तथा व्यापारीहरुको सहयोग र सहकार्यमा नगर क्षेत्रका आवश्यक ठाउँहरुमा CCTV क्यामेरा जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. ०९

प्रस्ताव नं. ०९ मा छलफलगर्दा कोहलपुर नगर क्षेत्रमा अनाथ,वेसहरा तथा मागेर हिडने प्रवृतिलाई अन्त्य गर्नका लागि निलसागर संस्थाको सहयोग तथा सहकार्यमा आवश्यक कार्यक्रम बनाई साझेदारीमा कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० मा छलफलगर्दा ५ नं.प्रदेश सरकार संग तपशिल बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

तपशिल :

१.कोहलपुर वडा नं.११ न्युरोड चौक र साझा हाईमाईस लाईट जडान गर्ने ।

२. कोहलपुर वडा नं.११ स्थित छत्रमणी मार्ग कालो पत्रे

३. कोहलपुर वडा नं.११ साझा चौक देखि वागेश्वरी क्याम्पस जाने वाटो कालोपत्रे ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ मा छलफलगर्दा यस कोहलपुर नगरपालिकाको आर्थिक एवं प्राविधिक सहयोगमा आ.व.:२०७२/०७३ **मा तत्कालिन राजमार्ग बृक्षारोपण उपभोक्ता समितिले** संचालन गरेको **कोहलपुर हरित नगर कार्यक्रम** अन्तंगत **राजमार्ग बृक्षारोपण कार्यक्रमको** खर्च अनुमोदनका लागि पेश गरेको आर्थिक प्रतिवेदन उपर छलफलगर्दा सो कार्यक्रममा उपभोक्ता समितिले पेश गरेको आर्थिक प्रतिवेदन, खर्चको विलभरपाई तथा अन्य आवश्यक काँगजातहरुका

आधारमा सो समितिले गरेको काम यर्थाथपरक,नियम संगत तथा सरकारी रकमको हानिनोक्सानी नभएकोले तत्कालिन उपभोक्ता समितिले पेश गरी कोहलपुर नगपालिकाको तर्फबाट खर्च रुजु भएको रकम रु.२४,१९,५९८।-(अक्षेरुपी चौविस लाख उन्नाईस हजार पाँचसय अन्ठानब्बे रुपैयाँ) खर्च अनुमोदन गरी वेरुजु सम्परिक्षण गर्नका लागि आवश्यक प्रक्रिया थालनी गर्नका लागि नगर कार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ मा छलफलगर्दा विभिन्न वडाहरुमा हाँल सम्म गठन भएका टोल विकास संस्था तथा गठन हुन बाकि अन्य वडाहरुमा टोल विकास संस्थाहरुको गठन,परिचालन तथा क्षमता विकासका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्नका लागि नगर कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ मा छलफलगर्दा नगरपालिकाको नेतृत्वमा तथा यहाँका सबै स्थानिय तह, हेफर ईन्टरनेशनल नेपाल,उद्योग वाणिंज्य संघ,मासु व्यवसायी संघ, सामाजिक उद्यमी जिल्ला सहकारी संघ लगाएत अन्य सरोकारवालाहरुको लागत साझेदारी रहने गरी कोहलपुर नगरपालिकाको वडा नं. १२ स्थित सुन्दरवस्तीमा अत्याधुनिक तथा व्यवस्थित वधशाला निर्माण गर्नका लागि **५ नं. प्रदेश सरकार कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले** आव्हान गरेको प्रस्ताव स्वीकृत भएमा नगरपालिकाको तर्फबाट लगानी साझेदारी गनुपर्ने ५० प्रतिशत रकम रु.१,९७,००,०००।-(अक्षेरुपी एक करोड सन्तानब्बे लाख) कोहलपुर नगरपालिकाको तर्फबाट लगानी गर्नका लागि आवश्यक श्रोतको व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ मा छलफलगर्दा यस नगरपालिकामा डिजिटल नापी कार्यका लागि ५ नं. प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलमा आवश्यक सहयोग माग गरी यस नगरपालिकाबाट समेत साझेदारी गरि कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ मा छलफलगर्दा कोहलपुर नगरपालिका वडा नं.१४ र १५ मा वसोवास गरिरहेका अति विपन्न सिमान्तकृत चिडिमार समुदायको व्यवस्थित बसोवास तथा सुरक्षित आवास निर्माणका लागि ५ नं. प्रदेश सरकार कृषि, भूमि व्यवस्था'तथा सहकारी मन्त्रालयलमा कार्यक्रम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ मा छलफलगर्दा कोहलपुर नगरपालिकाको दिर्घकालिन तथा समग्र विकासका र समृद्धिका लागि बिकास सम्मेलन/बौद्धिक सम्मेलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ मा छलफलगर्दा सामुदायिक मेलमिलापकर्ताको लागि मेलमिलापको काम सम्पन्न गराएमा खाजा खर्चको व्यवस्थापनका लागि आवश्यक पर्ने रकम कार्यपालिकाबाट निर्णय गर्ने गरी अख्तियारी दिने निर्णय गरियो ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके ५ नं. प्रदेश, नेपाल

नगर प्रमुख

**निर्णय नं. १८**

प्रस्ताव नं. १८ मा छलफलगर्दा कोहलपुर नगरपालिका वडा नं.०२ मा रहेका मुक्त कमैयाहरु र भुमिहिन नागरिकहरुको लागि सुरक्षित आवास निर्माणको लागि ५ नं.प्रदेश सरकार संग बजेट तथा कार्यक्रम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

प्रस्ताव नं. १९ मा छलफलगर्दा वडा नं.०२ मा वाल अस्पताल निर्माणका लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २० :**

प्रस्ताव नं. २० मा छलफलगर्दा वडा नं.०२ स्थित मुक्त कमैया वस्तीमा जग्गाको स्वामित्व प्राप्त गरेका तर हाल सम्म हकभोग नगरी खालि रहेको सो खाली रहेको जग्गाको लगत कट्टा गरी नगरपालिकाको स्वामीत्वमा ल्याउनको लागि जिल्ला भुमि सुधार कार्यालय,बाँके र भुमि सुधार विभागमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ :**

प्रस्ताव नं. २१ मा छलफलगर्दा वडा नं. ०१ देखि १५ वडाको वडा कार्यालय निर्माण गर्नका लागि विस्तृत योजना प्रतिवेदन (डिपिआर) तयार गरी क्रमश :जमिनको खोजि तथा ब्यवस्थापन गरी वडा कार्यालयहरुको निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ :**

प्रस्ताव नं. २२ मा छलफलगर्दा वडा नं. ०२ को मुक्तिनगर टावर डाँडा जैविकमार्ग सिमसार क्षेत्रको प्रवेशद्वार भएकाले सो क्षेत्रको विकासको लागि बाटो तथा खोलामा पुल निर्माणको लागि विस्तृत योजना प्रतिवेदन (डिपिआर) तयार गरी संघिय सांस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय संग आवश्यक कार्यक्रम तथा बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ :**

प्रस्ताव नं. २३ मा छलफलगर्दा यस नगरपालिका क्षेत्रमा रहेका तत्कालिन संघिय सरकार ,अञ्चल तथा क्षेत्रिय स्तरका कार्यालयहरु हालको राज्यपुर्नसंरचना अनुसार प्रदेश तथा जिल्ला स्तरमा स्थानन्तरण भै खालि भएको र उक्त खालि भएको भवन तथा कार्यालयमा यातायात, नापी र मालपोत कार्यालय स्थापनाका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४ :**

प्रस्ताव नं. २४ मा छलफलगर्दा २०७५ मंसिर पौष सम्म वडा समितिको सिफारिसमा र विभिन्न समयमा नगर कार्यपालिकाको बैठकबाट संसोधन भएका योजना तथा कार्यक्रमहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५ :**

प्रस्ताव नं. २५ मा छलफलगर्दा नगर सभाबाट गठन गरिने लेखा समिति, विधायन समिति तथा सुशासन समिति सम्बन्धमा सम्मानित उच्च अदालत तुल्सीपुर इजलास नेपालगंजको मिति :२०७५/१०/०७ गतेका दिनमा गरेको

प्रतिषेध र परमादेश अनुसार सो सम्बन्धमा सम्मानित अदालतको आदेशलाई सम्मान गर्दै सम्मानित अदालतबाट अव आदेश नहुँदा सम्म समिति गठनको प्रस्ताव कार्यसुचीबाट हटाउने निर्णय गरियो ।

निर्णय नं. २६ :

प्रस्ताव नं. २६ मा छलफलगर्दा कोहलपुर नगरपालिकाका नगर प्रमुख र उप-प्रमुखलाई कार्यालयको तर्फबाट उपलब्ध गराईएको तपशिल बमोजिमको मासिक संचार सुविधा यहि मिति २०७५ माघ महिना देखि उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल :

१. नगर प्रमुख मोवाईल नम्बर ९८५८०४०८०४ मासिक रु.३,०००।- (अक्षेरुपी तिन हजार मात्र)

२. नगर उप-प्रमुख मोवाईल नम्बर ९८५८०४०८०६ मासिक रु.२,०००।- (अक्षेरुपी दुई हजार मात्र)

निर्णय नं. २७ :

प्रस्ताव नं. २७ मा छलफलगर्दा कोहलपुर नगरपालिकाका क्षेत्र, आसपासका छिमेकी गाऊँपालिका र अन्तरजिल्लाहरु समेतको विकास तथा आर्थिक सामाजिक रुपान्तरणमा उल्लेख्य भूमिका खेल्ने तर यस नगरपालिकाको श्रोत साधनबाट सम्पन्न गर्न नसकिने, बढी लागत लाग्ने र महत्वपुर्ण प्रकृतिका नगरपालिका मार्फत यस नगरसभा समक्ष पेश भएका तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरु अनुमोदन गर्दै संघ तथा प्रदेश सरकार, निर्वाचन क्षेत्र पुर्वाधार विकास, सांसद विकास कार्यक्रम र सम्बन्धित निकायसंग माग गर्ने भनी निर्णय गरियो ।

तपसील :

१.कोहलपुर वडा नं.०४ स्थित नुरीजामा मस्जिद भवन निर्माण , कर्बालाको भवन निर्माण तथा मुस्लिम संग्राहलय निर्माण ।

२. कोहलपुर वडा नं.०४ महेन्द्रराजमार्ग,होटेल सेन्ट्रल प्लाजा,युनुस कसगढ,लड्डन जागाको घर,मस्तान शाह वावाको मजार हुदै गफ्फारपुर हुदै जनचेतना आधरभूत प्राथमिक विद्यालय सम्म जोड्ने सड्क कालो पत्रे गर्ने ।

निर्णय नं. २८ :

प्रस्ताव नं. २८ मा छलफलगर्दा कोहलपुर नगरपालिकाको चौथो नगर सभालाई सफलतापुर्वक सम्पन्न गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्न हुने उपाध्यक्ष ज्यु, सबै नगर सभाका सभासद्ज्यूहरु, विषयगत समिति, नागरिक समाज, पत्रकार तथा संचारकर्मी ज्यूहरु, सुरक्षाकर्मी ज्यूहरु, उद्योगी व्यापारीहरु, गैरसरकारी संस्थाहरु र नगर सभालाई सफल पार्न अहोरात्र खटिने नगरपालिकाका कर्मचारीहरु, विभिन्न विषयगत कार्यालयवाट यस न.पा.मा काममा खटिएर रचनात्मक सुझाव दिने कर्मचारीहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिदै चौंथो नगरसभा समापन भएको घोषणा गरियो ।